प्रस्तावः मिति २०७६/०३/२२ गते आइतबार, ६२ औं बैठक

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा
२. चालु आ.व. को योजना संचालन सम्वन्धमा
३. गौशाला व्यवस्थापन
४. जिल्ला प्रहरी कार्यालयलाई आर्थिक सहयोग सम्वन्धमा
५. योजना संसोधन सम्वन्धमा ।
६. वडा नं.११ डिप बोरिङ सम्वन्धमा ।
७. खरिद प्रक्रिया सम्वन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १ः**

यस घोराही उपमहानगरपालिकाको मिति २०७६/०२/१२ गते बसेको कार्यपालिकाको ५६ औं बैठकले पारित गरेका प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका आयोजनाहरु मध्ये केहि आयोजनाहरु विभिन्न कारणले संचालन हुन नसकेका कारण ति आयोजनाहरु देहाए बमोजिम संशोधन गर्ने र संचालन हुन नसकेका आयोजनामा विनियोजित रकम रु १६५००००|०० तपशिल बमोजिमका योजना सम्पन्न गर्ने गरि बजेट बाँडफाँड गर्ने ।

तपशिल

| क्र.स | पारित आयोजना | बजेट | संसोधित आयोजना | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | डबरी ड्याममा वृक्षारोपण | ५०००० | कमल पोखरी ड्याममा वृक्षारोपण | १००००० (५००००मा थप) | |
| २. | वडा नं, १४ र १५मा सरसफाई र वृक्षारोपण | ५००००० | वडा नं. १४ मा जरुवा, स्वास्थ्यचौकी मर्मत, नाला सरसफाई तथा वृक्षारोपण | ५००००० | |
| ३. | खुरिले सिंचाई बाँध मर्मत | ३००००० | खुरिले बाटो मर्मत तथा वृक्षारोपण | ३००००० | |
| ४. | रज्जेमन्नामे बाटो मर्मत वडा नं. ५ | ५००००० | १.पिपल टाकुरा देखि राज्जेमन्नाम्मे जाने गोरेटो बाटो निर्माण<br>२.कप्तान चोक देखि सरिकोट पालुथान मन्दिर जाने गोरेटो बाटो निर्माण<br>३.वडा कार्यालय परिसरमा झाडी सरसफाई<br>४.अम्मा खोलीदेखि कप्तान चोकसम्म दामोदर सडकका खाल्डाखुल्डी पुर्ने | १.१५००००<br>२.१५००००<br>३.५००००<br>४.१५०००० | |
| ५. | वडा नं, १० चरवागिया ठुलो कुवा देखि उत्तर तर्फ शोभाकर न्यौपानेको घर सम्म बाटो मर्मत | ५०००० | स्वर्गद्वारी ग लाइन बाटो मर्मत | ५०००० | |
| ६. | वडा नं. १३ मा सिंचाई कुलो निर्माण | ३००००० | वडा नं. १३मा नाला तथा झाडी सरसफाई | ३००००० | |
| ७. | १.बेलघारी ड्याममा वृक्षारोपण<br>२.खिरिटे देखि लख्वार बबई सम्म बाटो मर्मत<br>३.वडा नं. ८ वेलुवा जाने बाटो<br>४.वडा नं. ९को चैनपुर चोकदेखि उत्तर जागेश्वर डाँगीको घर हुँदै पश्चिम वडा नं.९को कार्यालय जाने बाटो<br>५.अम्राई कुलोको पर्खाल निर्माण फर्सारामको घर नेर<br>६.वडा नं. १५ बाटो मर्मत तुलसीपुर उपमेयरको घरतर्फ | १. ५००००<br>२. ५०००००<br>३. ३०००००<br>४. ४०००००<br>५.१०००००<br>६.३००००० | १.कटही ड्याम वृक्षारोपण<br>२.वडा नं. १८को चमै सोता संरक्षण<br>३.डाँडागाउँ पोखरीमा वृक्षारोपण<br>४. वडा नं. ५ कचिला गनार खैरा गनार, गिरी टोल, दलजितपुर टोलमा ग्राभेल बाटो मर्मत<br>५.तुलसीपुर चोक देखि कटुवाखोलासम्म ग्रीन बेल्ट क्षेत्रमा ग्रिल तारवार<br>५.१ ट्राफिक चोक देखि कटुवाखोलासम्म ग्रिल तारबार<br>५.२ ट्राफिक देखि विपी चोक सम्म ग्रिल<br>५.३ वि.पि चोक देखि तुलसीपुर चोक सम्म तारबार | ५००००(विनियोजित रकम ५००००मा थप)<br>१०००००(विनियोजित रकम ४०००००मा थप)<br>१०००००\|००<br>१०००००\|००<br>१२५००००\|००<br>५.१ ५०००००\|००<br>५.२ २५००००\|००<br>५.३ ५०००००\|०० | जम्मा १६००००० |

**निर्णय नं. २ :**

यस घोराही उपमहानगरपालिकापालिकाबाट चालु आ.व. २०७५/०७६मा ठेक्का आह्वान मार्फत कार्य सुरु भएको रिसिलिङ प्रविधि मार्फत सडक मर्मत गर्ने कार्यमा प्रयोग भएका सामग्रीहरु कमसल तथा गुणस्तरहिन भएको तथा लागत सहभागितामा अस्पाल प्रविधि मार्फत सडक पिच गर्ने क्रममा paver machine (पेभर मेसिन), neumadic machine (न्युमेडीक मेसिन) र compressor machine (कम्प्रेसर मेसिन) को प्रयोग बिना नै र सो सम्वन्धमा माथिल्लो पदाधिकारीहरुलाई जानकारी नै नगराई प्राविधिक शाखाबाट कार्य अगाडी बढाउदा सडक पिच प्रविधि अनुसार नभई कमजोर भएको भन्ने र जलाशय निर्माणमा समेत कमजोरी रहेको भन्ने व्यापाक जनगुनासो रहेको हुँदा सो सम्वन्धमा तेश्रो पक्ष मुल्यांकन मार्फत गुणस्तर परिक्षण गराउन आवश्यक भएकोले तेश्रो पक्ष मुल्यांकनका लागि प्रदेश नं. ५ भौतिक विकास तथा पूर्वाधार मन्त्रालयमा अनुरोध गर्ने र त्यस सम्वन्धमा भएको कमी कमजोरीको सम्वन्धमा विस्तृत अध्ययन गरि ७ दिन भित्र प्रतिवेदन गर्न देहाए बमोजिम ३ सदस्यीय समिति गठन गर्ने ।

**तपशिलः**

भरतमणि अर्याल, वडा अध्यक्ष -१८: संयोजक
शक्तिराम डाँगी, वडा अध्यक्ष-१४: सदस्य
रमेश कुमार पाण्डेय, वडा अध्यक्ष-१५: सदस्य

**निर्णय नं. ३:**

यस घोराही उपमहानगरपालिका वडा नं. १६ स्थित श्री राप्ती अर्गानिक कृषक गौशाला तथा विविध पशुपालन समूहले सामुदायिक गाई व्यवस्थापनका लागि पूर्वाधार निर्माण गर्न आवश्यक सहयोग गरिदिनु भनि सहयोग माग भै आएको हुँदा प्राविधिक ल.इ.को आधारमा एक पटकका लागि शिर्षक नं. ४०४० को सि.नं. २ अन्तर्गत सार्वजनिक शौचालय निर्माण शिर्षकबाट आवश्यक सहयोग गर्ने भन्ने मिति २०७६/३/१३ गतेको ६१औं बैठकको निर्णयलाई गौशाला व्यवस्थापनका लागि नगरस्तरीय सि.नं. ४०४० सि.नं.३ 'छाडा चौपाया व्यवस्थापन'को शिर्षकबाट सहयोग गर्ने र स्थायी संरचनाका लागि घोराही उपमहानगरपालिकाको वडा नं.२ स्थित चाक्लिघाटमा खोजी गर्न आर्थिक विकास समितिलाई जिम्मेवारी दिने ।

**निर्णय नं. ४:**

जिल्ला प्रहरी कार्यालय दाङले कार्यालय परिसर भित्र रङ्गरोगन तथा आवश्यक फर्निचर खरिद गरि बिल भरपाई सहित आर्थिक सहयोग गरिदिन भनि  मिति २०७६/०३/१६, च.नं. ५६८को पत्रमा माग भै आएको हुँदा रु ९९,८४२|- (अक्षरुपि उनान्सय हजार आठ सय बयालीस मात्र ) कन्टेनजेन्सी शिर्षकबाट सहयोग गर्ने |

**निर्णय नं. ५:**

यस घोराही उपमहानगरपालिकाको आ.व.२०७५/०७६ को स्वीकृत वडा नं. १४ को वडास्तरीय योजना तपशिल बमोजिम संसोधन गर्ने |

| क्र.स. | स्वीकृत कार्यक्रम | बजेट | संसोधित कार्यक्रम | बजेट |
|---|---|---|---|---|
| १. | सडक बत्ति मर्मत तथा विस्तार (सि.नं.३०४०, सि.नं.१ | २०००००|०० | १४ नं, वडा कार्यालयमा वाईफाई जडान, नेट टिभी जडान, सहरी स्वास्थ्य क्लिनिकमा सि.सि. क्यामेरा खरिद तथा नेट जडान | २०००००|०० |
| २. | क्यामेरा, प्रोजेक्टर, फर्निचर खरिद तथा कार्यालय व्यवस्थापन (सि.नं.५०३०, सि.नं.१) | २०००००|०० | सेवाग्राहीका लागि बेन्च, कार्यालयकालागि स्टिल दराज, बाल झोलुंगा खरिद | २०००००|०० |

**निर्णय नं. ६:**

यस घोराही उपमहानगरपालिका वडा नं. ११ को मिति २०७६/०३/२२ च.नं.२३९३ को पत्रानुसार वडा नं. ११ स्थित कप्सेरी बगाले डिप बोरिङ सिंचाई योजनामा प्राविधिक स्टिमेट अनुसार ७० मिटर गहिराइ खन्दा पानीको मुहान नभेटिएको र थप ३० मिटर समेत जम्मा १०० मिटर खन्दा पानीको मुहान भेटिएकोले प्राविधिक लगत इस्टिमेट अनुसार थप रकम  रु ३३२३२१|१६ (अक्षरुपि तीन लाख बत्तीस हजार तीन सय एक्काईस रुपिया सोह्र पैसा मात्र) उपलब्ध गराउने निर्णय गरियो |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकाबाट आ.व. ०७५/७६ मा सम्पन्न भएका नगरस्तरीय तथा वडास्तरीय आयोजना मध्ये उपभोक्ता समितिमार्फत सम्पन्न भएका आयोजनाहरुका  लागि उपभोक्ता समितिले गरेका खरिद सम्वन्धी सम्पूर्ण काम कारवाहीको जिम्मेवारी र जवाफदेहिता उपभोक्ता समितिमा नै निहित रहने छ |